☆ ☆ ☆

# News Release

American Center, Embassy of the United States
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577
साउन २१, २०६४

## राजदूत पावेल नेपालमा

काठमाडौं – नेपालका लागि नयाँ अमेरिकी राजदूत, न्यान्सी जे. पावेल आज काठमाडौं आइपुग्नुभयो । वहाँले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरुसँग संक्षिप्त कुरा राख्नुभयो । वहाँको भनाई निम्नअनुसार रहेको थियो :

"नमस्ते । यहाँ पुन : आउन पाउँदा खुशी लागेको छ । अहिलेको लोकतान्त्रिक समयमा अगाडि बढ्दै जाँदा नेपाल सरकार र जनतासँग मिलेर काम गर्ने आशा मैले राखेको छु । धन्यवाद ।"

राजदूत पावेलले आफ्नो ओहदाको प्रमाणपत्र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई यही साउन २४ गते बिहीवार बुझाउने कार्यक्रम रहेको छ ।

**संक्षिप्त जीवनी:**

सन् २००७ मार्चमा राष्ट्रपति बुसले वरिष्ठ परराष्ट्र सेवाकी सदस्य न्यान्सी पावेललाई नेपालका लागि अमेरिकी राजदूतमा सिफारिश गर्नुभयो । अमेरिकी संविधानअनुसार अमेरिकी सिनेटले वहाँको सिफारिशलाई जुन २८ मा अनुमोदन गऱ्यो र उपविदेशमन्त्री जोन नेग्रोपोन्टेले वहाँलाई जुलाई १६, २००७ मा पदको शपथ ग्रहण गराउनुभयो । वहाँले यसअघि काठमाडौंमा १९८० देखि १९८२ सम्म कन्सुलरको रुपमा काम गर्नुभएको थियो । त्यस्तै विदेश मन्त्रालयको नेपाल डेस्क अफिसरको रुपमा सन् १९८२ देखि १९८४ सम्म काम गर्नुभएको थियो ।

राजदूत पावेलले योभन्दा अगाडि नेशनल इन्टेलिजेन्स काउन्सिलमा सन् २००६ देखि २००७ बीचमा दक्षिण एशियाका लागि नेशनल इन्टेलिजेन्स अफिसरको रुपमा कार्यरत हुनुहुन्थ्यो । पावेलले अगस्ट २००२ देखि अक्टोबर २००४ सम्म पाकिस्तानका लागि तथा सेप्टेम्बर २००१ देखि मे २००२ सम्म घानाको राजदूतको रुपमा काम गर्नुभएको थियो । वहाले वाशिङटनमा २००१ जनवरीदेखि जुनसम्म अफ्रिकी मामिलासम्बन्धमा कार्यवाहक सहायकमन्त्रीको रुपमा काम गर्नुभएको थियो । वहाँ १९९९ जुलाईदेखि २००१ जनवरीसम्म अफ्रिकी मामिलासम्बन्धमा प्रमुख उपमन्त्रीको रुपमा कार्यरत हुनुहुन्थ्यो । राजदूत पावेलले युगान्डाको लागि अमेरिकी राजदूतको रुपमा १९९७ देखि १९९९ सम्म काम गर्नुभएको थियो । त्यस्तै सन् १९९५ देखि १९९९ सम्म बंगलादेशको ढाकास्थित अमेरिकी राजदूतावासमा डेपुटी चिफ अफ मिशनको रुपमा काम गर्नुभएको थियो । १९९३ र १९९५ को बीचमा पावेलले कलकत्तामा कन्सुल जनरलको रुपमा एकवर्ष र त्यसपछि नयाँ दिल्लीमा पोलिटिकल कन्सुलरको रुपमा काम गर्नुभएको थियो । १९९० देखि १९९२ को अवधिमा वहाँ लोमे, टोगामा डेपुटी चिफ अफ मिशन हुनुहुन्थ्यो । विगतमा वहाँले इस्लामावाद र ओटावामा काम गर्नुभएको थियो र वाशिङ्टनमा शरणार्थी सहयोग अधिकारीको रुपमा काम गर्नुभएको थियो ।

सेडर फल्स, आयोवामा जन्मनुभएकी राजदूत पावेल १९७७ मा परराष्ट्र सेवामा प्रवेश गर्नुभएको थियो । त्यसअघि वहाँले साढे छ वर्षसम्म डेटन, आयोवामा माध्यमिक विद्यालयमा सामाजिक अध्ययनको शिक्षण गर्नुभयो । वहाँले १९७० मा युनिभर्सिटि अफ नर्दन आयोवाबाट स्नातक गर्नुभएको थियो । वहाँले फ्रेन्च, नेपाली, हिन्दी र उर्दुको अध्ययन गर्नुभएको छ ।